आज मिति २०७८।०५।०८ गते मङ्गलबारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७० औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि कुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ४ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ५ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ६ | गोबिन्द पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ७ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| ८ | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ९ | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| १० | रामकृष्ण बराइली | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| ११ | बेल ब. चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १२ | लोक ब. पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १३ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १४ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | छविलाल सुवेदी | प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा. | |

अन्य उपस्थिति:

| क.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | मिन ब. बानियाँ | लेखा अधिकृत, बेनी नगरपालिका | |
| २ | युवराज थापा | अधिकृत सातौं, बेनी नगरपालिका | |
| ३ | बिमलरञ्जन कार्की | इन्जिनियर, बेनी नगरपालिका | |
| ४ | प्रकाश सुवेदी | अधिकृत छैठौं, बेनी नगरपालिका | |
| ५ | आहुति ढुङ्गाना | अधिकृत सातौं, बेनी नगरपालिका | |
| ६ | अर्जुन पौडेल | शिक्षा अधिकृत, बेनी न.पा. | |
| ७ | लिला कुमारी गौतम | स्वास्थ्य संयोजक, बेनी न.पा. | |
| ८ | निखिल खत्री | स्थानीय [illegible] | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८।०५।०८ गते

१. आ.व. २०७७।७८ मा बेनी नगरपालिकाको विकास तथा सेवा प्रवाहका सम्बन्धमा तयार गरी बेनी नगर कार्यपालिकाको बैठकमा पेश भएको वार्षिक प्रगति प्रतिवेदन उपर छलफल एवम् समिक्षा गरियो।

२. बेनी नगरपालिकामा स्थानीय सेवामा कार्यरत कर्मचारीको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ स्वीकृत गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

३. आ.व. २०७७।७८ मा बेनी नगरपालिकाको विकास तथा सेवा प्रवाहमा कर्मचारीहरुले खेलेको भूमिकालाई मध्यनजर गरी पुरस्कार तथा दण्डको सिद्धान्त अन्तर्गत कर्मचारीहरुलाई प्रोत्साहन गर्न लेखा अधिकृत श्री मिन बहादुर बानियाँको संयोजकत्वमा अधिकृत छैठौं प्रकाश सुवेदी, इन्जिनियर बिमलरञ्जन कार्की, स्वास्थ्य संयोजक लीला कुमारी गौतम र शिक्षा अधिकृत अर्जुन पौडेल सदस्यहरु रहने समितिले सिफारिस गरेका तपशिल क्षेत्रका एक/एक उत्कृष्ट कर्मचारीलाई जनही रु पाँच हजार र प्रमाणपत्रद्वारा पुरस्कृत गर्ने निर्णय गरियो।

तपशिल:

| क्र.सं. | क्षेत्र | कर्मचारी संख्या (जना) |
|---|---|---|
| १ | प्रशासन सेवाका अधिकृत स्तरका कर्मचारीहरु मध्ये | १ (एक) |
| २ | प्रशासन सेवाका सहायक स्तरका कर्मचारीहरु मध्ये | १ (एक) |
| ३ | प्रशासन सेवाका श्रेणीविहिन कर्मचारीहरु | १ (एक) |
| ४ | बेनी नगर कार्यपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका कर्मचारीहरु मध्येबाट | १ (एक) |
| ५ | प्राविधिक कर्मचारीहरु मध्येबाट | १ (एक) |

४. बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री छविलाल सुवेदीलाई विभिन्न तीन कार्यकालमा करिब तीन वर्षको अवधीमा यस कार्यालयमा उत्कृष्ट कार्य सम्पादन गरेकोले निजलाई नेपाल सरकारबाट प्रदान गरिने निजामति सेवा पुरस्कारका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।

५. बेनी नगरपालिकाको विशेष नगर सभा मिति २०७८।०५।१५ गते गर्ने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।